म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १५६ २०८१ वैशाख १५ गते शनिबार 27 April 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## १४ विद्यार्थीले लेखे प्रधानमन्त्रीलाई चिठ्ठी



*मैले चाहेको शिक्षा विषयमा आधारित भई प्रधानमन्त्रीलाई लेखिएको चिठ्ठी मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई बुझाउँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडाका १४ जना विद्यार्थीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई चिठ्ठी लेखेका छन् । शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह अन्तर्गत शिक्षाका लागि राष्ट्रिय अभियान मकवानपुरको आयोजनामा विद्यार्थीले प्रधानमन्त्रीलाई चिठ्ठी लेखन कार्यक्रम भएको हो ।

हेटौँडाका ९ वटा सामुदायिक विद्यालयका १४ जना विद्यार्थीले "मैले चाहेको शिक्षा" शीर्षकमा लेखेको चिठ्ठी मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेडाईमार्फत प्रधानमन्त्रीलाई पठाइएको छ । प्रधानमन्त्रीलाई लेखेको चिठ्ठी विद्यार्थी आफैँले प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गरेका थिए । विद्यार्थीका चिठ्ठी बुभ्नु भएपछि प्रमुख जिल्ला अधिकारी सेडाईले विद्यार्थीका चिठ्ठी प्रधानमन्त्रीको कार्यालय पठाइने जानकारी दिनुभयो । प्रधानमन्त्रीलाई चिठ्ठी लेखेका विद्यार्थीले महत्वपूर्ण अवसर भएको प्रतिक्रिया दिएका छन् ।

मकवानपुर बहुमुखी क्याम्पसको सेमिनार हलमा करिब १ घण्टाका अवधिमा विद्यार्थीले चिठ्ठी लेखेका थिए । चिठ्ठी लेखिसकेपछि ऱ्यालीसहित शिक्षाका लागि राष्ट्रिय अभियानका पदाधिकारी र विद्यार्थीको समूहले ऱ्यालीसहित मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई भेटेर चिठ्ठी बुझाएका थिए । चिठ्ठी लेखन अभियानमा सहभागी भएका विद्यार्थीलाई मायाको चिनोस्वरुप पुस्तक उपहार दिइएको थियो ।

बालबालिकाको चिठ्ठी बुझ्नु भएपछि प्रमुख जिल्ला अधिकारी सेडाईले प्रशासन कार्यालयमा विद्यार्थीको उपस्थितिले आफ्नो विद्यार्थी जीवनको पुनर्ताजगी भएको बताउनुभयो । कार्यक्रममा शिक्षाका लागि राष्ट्रिय अभियानको बागमती प्रदेश समिति संयोजक प्रकाश खतिवडा, मकवानपुर जिल्ला समितिका निवर्तमान संयोजक बुद्धवीर लामासहित जिल्ला समितिका पदाधिकारीको उपस्थिति रहेको थियो । बैशाख १० गतेदेखि १४ गतेसम्म शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह विश्वव्यापी मनाउने गरिएको छ ।

## साझा अधिकारको सूचीमा रहेका कानुनमा समस्या छः कानुनमन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले तीन तहका सरकारको साझा अधिकारको सूचीमा रहेका कानुनहरुमा समस्या रहेको बताउनुभएको छ । शुक्रबार स्थानीय तहका पदाधिकारी तथा कर्मचारीका लागि कानुन निर्माण, मेलमिलाप तथा राजपत्रसम्बन्धी अभिमुखीकरण तालिममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

कानुन बन्दा संघ, प्रदेश र स्थानीय तहले आफू अनुकूल बनाउन जोड गर्दा समस्या आइरहेको उहाँको भनाइ छ । एकअर्काप्रति तानतानको अवस्था देखिँदा साझा अधिकार सूचीमा रहेका कानुन निर्माणको प्रक्रियामा पनि समस्या भएको उहाँले बताउनुभयो । उहाँले साझा अधिकार सूचीमा रहेका कानुनहरु जुन गतिमा बढाउन सक्नुपर्ने त्यो हिसाबले अघि बढ्न नसकेको बताउनुभयो । यसले गर्दा नागरिकहरुले पाउनुपर्ने सेवा, सुविधा र अधिकारमा अवरोध सिर्जना भइरहेको उहाँले बताउनुभयो ।

स्थानीय तहको विषयमा संविधानमा प्रष्ट ढङ्गले २२ वटा अधिकारहरु सूचीकृत गरिदिएको भन्दै उहाँले स्थानीय तहले कति कानुन निर्माण गर्न सकियो भनेर समीक्षा गर्नुपर्ने बताउनुभयो । यसका लागि प्रदेशले आफ्नो तहबाट सहयोग गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो । उहाँले प्रदेशमा केही कानुन निर्माण गरिसकेको केही निर्माणको प्रक्रियामा र केही बनाउन गृहकार्य गरिरहेको उहाँले बताउनुभयो । उहाँले क्षेत्राधिकार तोकेभित्रको कानुन निर्माण गर्दा तीनवटै सरकारले समन्वय गर्न ध्यान पुऱ्याउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

न्यायिक समितिलाई कार्यान्वयन गर्नका निम्ति बनाएको संरचनाहरु अहिले अभ्यासका क्रममा रहेको उहाँले बताउनुभयो । बनेको संचरनामा जननिर्वाचित उपप्रमुख न्यायिक समितिको संयोजक रहने तर न्याय सम्पादनका लागि योग्यता नभएको हुँदा समस्या आउने गरेको उहाँले बताउनुभयो । उहाँले राजनीतिक दृष्टिकोणले हेर्दा न्यायिक समितिमाथि नागरिकमा विभिन्न प्रश्न जन्मिएको बताउनुभयो ।

कुनै राजनीतिक दलबाट निर्वाचित उपप्रमुख संयोजक रहने न्यायिक समितिबाट निष्पक्ष न्याय सम्पादन नहुने हो कि भन्ने प्रश्न नागरिकमा देखापर्ने गरेको उहाँले बताउनुभयो । उहाँले निष्पक्ष, तटस्थ र स्वतन्त्र भएर न्याय सम्पादन गर्नुपर्नेमा जोड दिनुभयो । मन्त्री श्रेष्ठले यसका लागि अध्ययन गर्नुपर्ने र क्षमता अभिवृद्धिका लागि प्रदेशले कार्यक्रम गरेको बताउनुभयो ।

मन्त्री श्रेष्ठले जनमुखी कानुन बनाउन आवश्यक रहेको बताउनुभयो । जनमुखी कानुन भएमा मात्र संघीयता बलियो हुने उहाँको भनाइ छ । यसका लागि सबै तहका सरकारले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । कानुन मान्छेको लागि बन्नुपर्ने भन्दै मन्त्री श्रेष्ठले कानुनले समाजलाई अनुशासित बनाउन सक्नुपर्ने बताउनुभयो । उहाँले सामाजिक, आर्थिक र सांस्कृतिक विषयहरु ओझेलमा पारेमा लोकतन्त्रलाई संस्थागत र सुदृढ गर्न नसकिने बताउनुभयो ।

आन्तरिक मामिला तथा कानुनमन्त्री श्रेष्ठले न्याय सम्पादन गर्दा भाषा महत्वपूर्ण भएको बताउनुभयो । उहाँले न्याय सम्पादन गर्दा मातृभाषालाई जोड दिनुपर्ने बताउनुभएको छ । अहिले पनि बागमती प्रदेशभित्रका केही जातिहरुले नेपाली खस भाषा राम्रोसँग बुझ्न नसक्ने अवस्था रहेको हुँदा न्याय सम्पादनमा समस्या आउनसक्ने उहाँको भनाइ छ । यसका लागि न्यायिक समितिले भाषा अनुवादक राखेर भएपनि न्याय निरुपण गर्नुपर्ने बताउनुभयो । बागमती प्रदेशले यसलाई मध्यनजर गरेर तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रुपमा कार्यान्वयन गर्न लागेको पनि उहाँले बताउनुभयो ।

अभिमुखीकरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सहसचिव राजेन्द्र थापाले न्यायिक समिति, अधिकार क्षेत्र, अधिकार क्षेत्रको प्रयोग, कानुन निर्माण प्रक्रिया र मेलमिलापमा न्यायिक समितिको भूमिकाको बारेमा जानकारी गराउनुभएको छ । यस्तै, उच्च अदालत पाटन, हेटौंडा इजलासकी न्यायाधीश यमुना भट्टराईले न्यायिक प्रक्रियाबारे जानकारी गराउनुभयो ।

मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीको सभाध्यक्षतामा भएको अभिमुखीकरणमा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामा र जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीलगायतको आतिथ्य रहेको थियो ।

## कक्षा १२ को वार्षिक परीक्षा सुरु


*मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा १२ को वार्षिक परीक्षा दिँदै विद्यार्थी ।*

समाज संवाददाता

हेटौँडाः शुक्रबारदेखि कक्षा १२ को वार्षिक परीक्षा सुरु भएको छ । यो वर्ष कक्षा १२ को परीक्षामा सहभागी हुन मकवानपुर जिल्लाबाट ७ हजार ६ सय ९० जना विद्यार्थीले परीक्षा फारम भरेका थिए । नियमिततर्फ ५ हजार ५ सय ८७ जनाले परीक्षा फारम भरेको राष्ट्रिय परीक्षा बोर्ड हेटौँडा शाखाका अधिकृत जयप्रकाशप्रसाद कुशवाहले जानकारी दिनुभयो ।

मकवानपुरमा १२ कक्षासम्म अध्यापन हुने ५३ वटा विद्यालय रहेका छन् । जिल्लामा यस वर्ष १९ वटा परीक्षा केन्द्र तोकिएको छ । २०७८ र २०७९ सालमा नियमित परीक्षा दिएर यस वर्ष ग्रेडवृद्धि परीक्षा दिने परीक्षार्थी एक हजार ९ सय ६२ जना रहेको उहाँले बताउनुभयो । यस्तै, २०७६ र २०७७ सालबाट परीक्षा दिन थालेका एक सय ४१ जना र कक्षा ११ मा आंशिकतर्फबाट १४ जना परीक्षार्थीले परीक्षा दिने कुशवाहले जानकारी दिनुभयो । पहिलो दिनको परीक्षा सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भएको छ । परीक्षा बैशाख २६ गतेसम्म सञ्चालन हुनेछ ।

परीक्षाको समय बिहान ८ बजे तोकिए पनि राष्ट्रिय परीक्षा बोर्डले प्रश्नपत्र इमेलमार्फत पठाउने भएकोले प्रश्नपत्र छपाईमा ढिलाई हुँदा परीक्षा निर्धारित समयभन्दा ढिलो गरी सञ्चालन हुने गरेको छ । पहिलो दिनको परीक्षा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको छ ।

## छात्रवृत्ति कोषमा सहयोग

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१ स्थित अमर माध्यमिक विद्यालयको "विपन्न तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति अक्षयकोष" मा विद्यालय व्यवस्थापन समिति सदस्य जानकी गिरीले ११ हजार एक सय ११ रुपैयाँ सहयोग गर्नुभएको छ । गिरीले आफ्नो जन्मदिनको अवसरमा पारेर शुक्रबार विद्यालयलाई सहयोग गर्नुभएको हो ।

गिरीले विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीलाई सहयोग रकम हस्तान्तरण गर्नुभयो । विद्यालयले स्थापना गरेको अक्षयकोषमा ३८ हजार रुपैयाँ संकलन भइसकेको छ । अक्षयकोषको आम्दानीले विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिने प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभएको छ ।

## ३ जिल्लामा एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ३ वटा जिल्लामा विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ । चितवन, रामेछाप र सिन्धुली जिल्लामा एकै दिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको हो ।

चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-५, मुग्लिनमा रहेको त्रिशुली नदीको किनारमा एक जना पुरुष मृत फेला परेका छन् । बिहीबार नामथर नखुलेको अन्दाजी २५ वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि भरतपुर अस्पतालमा लगिएको छ ।

यस्तै, चितवन जिल्लाको राप्ती नगर पालिका-२, गड्यौलीमा बसको ठक्करबाट एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६० वर्षीया निमाकुमारी रिजाल रहेको प्रहरीले जानकारी दिएको छ ।

बिहीबार बिहान ७ बजेको समयमा पूर्व-पश्चिम राजमार्गमा पश्चिमतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००१ ख २७५३ नम्बरको बसमा सवार रिजाललाई बसबाट ओर्लने क्रममा सोही बसले दिएको ठक्कर बाट गम्भीर घाइते भएकी थिइन् । घाइते रिजाललाई उपचारका लागि पुरानो मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा सोही दिन बिहान ७ बजेर ५० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

रामेछाप जिल्लाको मन्थली नगर पालिका-११, काउले डाँडागाउँमा आगोले पोलेर एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ४२ वर्षीया साइलीमाया तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

तामाङ बैशाख ३ गते खाना पकाउने क्रममा शरीरमा आगो सल्किन गई गम्भीर घाइते भएकी थिइन् । घाइते तामाङलाई उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर अस्पताल लगिएकोमा उपचारको क्रममा बिहीबार बिहान ११ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सन्धुली जिल्लाको कमलामाई नगरपालिका-१, खारखोलामा आगोले पोलेर एक जना वृद्धाको मृत्यु भएको छ । मृत्यु हुनेमा ७३ वर्षीया कृष्णमाया पौडेल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

तामाङ बुधबार घर नजिक रहेको आफ्नै बारी पाखामा आगो लगाउन गएकोमा बेलुकासम्म घर नआएकाले आफन्तहरुले खोजतलास गर्दै जाने क्रममा बिहीबार बिहान १० बजेर ३० मिनेटको समयममा पूर्णरुपमा जलेर मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

**ज्ञानदीप बहुउद्धेश्यीय सहकारी संस्था लि.को**

**साधारणसभा सम्बन्धी सूचना**

उपयुक्त सम्बन्धमा यस ज्ञानदीप बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडको २४ औं साधारणसभा तपसीलको मिति, स्थान र समयमा हुने हुँदा सम्पूर्ण सेयर सदस्य ज्यूहरुलाई जानकारीका लागि अनुरोध गरिन्छ ।

**तपसील**

मिति: २०८१ साल बैशाख २९ गते शनिबार
समय: बिहान: १०:३० बजे
स्थानी: रोयर पार्टी प्यालेस । "सी" हल ।

**कार्यक्रमहरु:**

१) संस्थाको अध्ययन प्रतिवेदन
२) संस्थाको कोषाध्यक्षको प्रतिवेदन
३) लेखा समितिको प्रतिवेदन
४) विद्यालयको प्रतिवेदन
५) विद्यालय सञ्चालन कार्यक्रम
६) सहकारी विनियम संशोधन ।


**लिलानाथ ढुंगेल**
**सचिव**

# बुढीपोल्ली, अँध्यारोबाट उज्यालोतिर

पुस्तक समीक्षा



शिवराज शाही




संसारका हरेक कुनामा कथा छन् । र, छन् कथाकार पनि । कति कथा भनिन्छन्, कति कथा कहिल्यै कसैको अभिलेखमा भेटिँदैनन् । कथा सङ्ग्रह "बुढीपोल्ली" मा लेखक खेम बतासले आफ्नो माटोको कथा भनेका छन् । राज्यको सौतेनी व्यवहारको चपेटामा परेको भुगोलले कसरी पोख्छ आफ्नो वेदना ? माटो कसरी रुन्छ ? बुढीपोल्लीमा खेमले हेपिएको माटोको रोदन लेखेका छन् । र, लेखेका छन् उसको बिद्रोह पनि ।

बुढीपोल्लीमा एउटा देउडा गीत छ ।

"आँखामी कर्णाली बग्दी मुटुभित्र रारा ।

न लाग्दी पुनिउकी जुन न धेग्गीना तारा"

आफ्नो माटोको माया नभएको होइन । आकाश भन्दा फराकिलो छ, जन्मभूमिको माया । तर मायाले मात्रै चल्दैन परानी । पाल्नै पर्छ, पापी पेट । राज्यले चिन्दैन उसलाई । र, तर्नै पर्छ, महाकाली उसले, धन कमाउनका लागि । "बुढीपोल्ली" परानी पाल्न महाकाली तर्नेहरुको कथा हो । मान्छेले मान्छे भएर बाँच्न गरेको सङ्घर्षको कथा हो ।

यो हारको कथा होईन, यो साहसको कथा हो । जातीय विभेदको सिकार भएका पीडितहरुको तातो मानसिकताको चित्कार हो, बुढीपोल्ली । कुनैपनि भेगको प्राकृतिक सौन्दर्यलाई त्यस भेगको कुरीतिले छाँयामै पार्ने चेस्टा गर्दो रहेछ । तर, पत्थर फोरेर पिपल उर्मिए झैँ उम्रिदा रहेछ आशाका ससाना बीजहरु । बुढीपोल्लीमा कर्णाली पारीका कुरीति मात्र छैनन् । छन्, प्राकृतिक सौन्दर्यका रङ्गमधुरस पनि ।

डोट्याली भाषा यो पुस्तकको मेरुदण्ड हो । हुन त यो पुस्तक पूर्णरुपमा डोटेली भाषामा लेखिएको पुस्तक होईन । तर पात्रहरुको आञ्चलिक लवजले यसलाई बलियो बनाएको छ । व्यापारिक सफलताका लागि उक्त भेगको मौलिक लवजलाई चटक्कै छोडेर सबैले बुझ्ने भाषा प्रयोग गरिएको भए यो आँशुको खेती हुनसक्थ्यो । तर यहाँनिर लेखक खेम बतासले ईमान्दारिता देखाएका छन्, आफ्नो भेगिए लवज प्रयोग गरेर । मलाई सबैभन्दा मन परेको कुरा यही हो ।

मलाई लाग्छ लैङ्गिक कुरीति, जातीय विभेद, अन्धविश्वास र सामाजिक अपमानको मारमा परेका मान्छेहरुको जीवनशैलीलाई सिर्जनात्मक तवरले प्रस्तुत गरिएको यो पुस्तक पश्चिम नेपालको प्रतिनिधी पुस्तक हो । प्रखर कविका रुपमा परिचित खेमले नेपाली आख्यानमा बलियो उपस्थिति जनाएका छन्, बुढीपोल्ली मार्फत ।

हरेक पाठकका आआफ्ना दृष्टिकोण हुन्छन्, उसले पढेका प्रत्येक पुस्तकमा । यो समीक्षा मेरो नजरीया हो । तपाई पनि बुढीपोल्ली पढ्नुस् । तपाईको दृष्टिकोण फरक हुनेछ । र मलाई पूर्ण विश्वास छ, त्यो सुन्दर हुनेछ । बुढीपोल्लीले त्यो सामर्थ्य राख्दछ ।

# प्रधानमन्त्रीलाई चिठ्ठी



अर्पना पोखेल

सम्मानीय प्रधानमन्त्री ज्यू,

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय,

सिंहदरबार, काठमाडौं मिति: २०८१/०१/१४

महोदय,

सबै बालबालिकाको विद्यालयमा सहभागिता गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता भन्ने शिक्षाको मूल नारा अनुरुप सबै वर्ग, जात, धर्मका विद्यार्थीले विद्यालयमा गुणस्तरीय शिक्षा पाउनु पर्छ । अझै पनि नेपालका सामुदायिक विद्यालयहरुमा परम्परागत प्रविधिको प्रयोग हुन्छ । त्यसको सट्टामा आधुनिक प्रविधिको प्रयोग गर्नुपर्छ । विद्यालयमा किताबको विषयवस्तुको साथसाथै व्यवहारिक कुरा पनि सिकाउनु पर्छ । नेपालका अधिकांश सामुदायिक विद्यालयहरुमा गणितको प्रयोगशाला छैन । सबै विद्यालयमा गणितको प्रयोगशाला बनाउनुपर्छ । किनभने कुनै पनि देशले गणित र विज्ञान बिना प्रगति गर्न सक्दैन भन्ने मलाई लाग्छ । हरेक साताको शुक्रबारलाई किताबरहित बनाउनुपर्छ र त्यस दिनमा विद्यालयले अतिरिक्त क्रियाकलाप जस्तै: नाचगान, खेलकुद, वक्तृत्वकला, वादविवाद प्रतियोगिता गराउनुपर्छ । विद्यार्थीको सोच्न सक्ने क्षमता वृद्धि गराउन अति आवश्यक छ । विद्यार्थीहरु नै भविष्यको कर्णधारहरु हुन् । उनीहरुको भविष्य राम्रो बनाउन राज्यले विभिन्न कार्यहरु गराउनुपर्छ । नेपालको संविधानमा उल्लेखित कक्षा-१० सम्म निशुल्क शिक्षा भन्ने कुराहरु कतिपय विद्यालयमा लागु भएका छैनन् । विद्यालयले कुनै न कुनै बहानामा विद्यार्थीसँग शुल्क लिइरहेको हुन्छ । यो विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।

अब सामुदायिक विद्यालयमा शैक्षिक भ्रमण लगेर विद्यार्थीको मस्तिष्कमा उसले प्राप्त गरेको ज्ञान सधैँ रहिरहने गरी पढाउनु पर्छ । निरन्तर विद्यार्थी मूल्यांकन गर्नुपर्छ । नेपाल बहुजातीय, बहुसाँस्कृतिक मुलुक हो । नेपालको ग्रामिण भेगमा अझै पनि मानिसहरु छुवाछुत, भेदभाव गर्छन् । विद्यार्थीले कुनै पनि भेदभाव सहन नपरोस् भनेर केही नीतिहरु बनाइदिनु पर्छ । आजको युग विज्ञान र प्रविधिको युग हो त्यसैले विज्ञान र प्रविधिका प्रयोगशालामा चाहिने सामानको व्यवस्था गरिदिनुपर्छ । हरेक कक्षाकोठामा स्मार्ट बोर्डको व्यवस्था गर्नुपर्छ । विद्यार्थीलाई स्वतन्त्ररुपमा सोच्न र आफ्नो प्रश्नको उत्तर आफैँ खोज्ने बानीको विकास गराउन अभिप्रेरित गर्नुपर्छ । हरेक साता उपलब्धी परीक्षा सञ्चालन गर्नुपर्छ । सोही परीक्षाको नतिजा अनुसार नै आगामी दिनमा कसरी अझै राम्रो पढाउने भनेर छलफल गर्नुपर्छ । नेपालमा भएको सबै सामुदायिक विद्यालयमा गणित, विज्ञान र प्रविधिको प्रयोगशाला अनिवार्य रुपमा चाहिन्छ भन्ने यो निवेदन सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष पेश गरेकी हुँ ।

(शिक्षाका लागि राष्ट्रिय अभियान जिल्ला समिति मकवानपुरले "शिक्षाका लागि विश्वव्यापी कार्यसप्ताह-२०२४" को अवसरमा आयोजित प्रधानमन्त्रीलाई चिठ्ठी लेखन कार्यक्रममा सहभागी भई लेखिएको चिठ्ठी ।)

*कक्षा-१०, श्री बालज्योति मावि*
*हेटौँडा-५, मकवानपुर*

# विद्यालय छुट्टीका दिन



स्वप्निल गिरी



बैशाख ६ गते आमा, ड्याडी र भाइसँग त्रिवेणीधाम घुम्न गएका थियौं । त्यहाँ १०८ धाराको अवलोकन गर्‍यौं । त्यहाँ धेरै व्रतबन्ध पनि थियो । हामीहरू बोटिङ गरेपछि वरपर सबै घुम्यौं । अग्लो टावरमा चढेर फोटो खिच्यौं र तल झर्‍यौं । त्यहाँ हिडम्बा नगरी पनि हेर्‍यौं । त्यसपछि टिकट काटेर सिसमहल हेर्न भित्र गयौं । त्यहाँभित्र विभिन्न सुन्दर देवी र देवताको तस्बिर रहेछ । सिस महलभित्र निकै सुन्दर थियो । चारैतिरबाट आफ्नो तस्बिर देखिन्थ्यो । अनि हामी सबैजनाले फोटो खिच्यौं । त्यहाँ बाहिर रेलको लिग तयार पार्दै रहेछन् । अब केही समयमा तयार हुन्छ रे । त्यहाँका फुल, धुपी र आँपका रुख, बिरुवा निकै सुन्दर छन् । त्यसपछि हामी घर आयौं ।

बैशाख ५ गते ड्याडी, भाइ र म हेटौँडा-४ स्थित चिल्ड्रेनपार्क गयौँ । त्यहाँ धेरै मान्छे थिएनन् । हामीले पहिला चिप्लेटी खेल्यौं र पिङ खेल्दा खेल्दै ड्याडीले हामीलाई अब पुष्पलाल पार्क जाने भनेर सोध्नुभयो । मैले हुन्छ भनेँ । हामी गयौं । त्यहाँ गएपछि हामीले माछालाई भुजा र मस्यौरा हाल्यौं । पुष्पलाल पार्कमा चौर पनि थियो । त्यहाँ बस्यौं म चौरमा लडीबुडी गरेर मलाई पानी तिर्खा लाग्यो । त्यहाँ छेउमै पसल थियो । त्यहाँ किनेर पानी र चिया खायौं । त्यहाँ छेउमै दिदीहरू थिए । भाइले म गोली हान्छु भन्यो । घर जाने बेला फेरि भुजा हाल्ने भन्यो र रोयो । भुजा र मस्यौरा भाइले माछालाई हाल्यो । हामी पसल गएर मलाई ज्याकेट किन्यौ र घर गयौँ ।

वैशाख १ गते नयाँ वर्षको दिन चितवनबाट मेरो सुजन अङ्कल र शोभा आन्टी आउनुभएको थियो । म ड्याडी ममी भाइ र अङ्कल अन्टी सबैजना भएर गुम्बाडाँडा, पुष्पलाल पार्क, मकवानपुरगढी र पाथिभारा दर्शन पनि गर्‍यौं । त्यसपछि सहीद स्मारक घुम्न गयौं । ठिकै रमाइलो भयो पिङ पनि खेल्यौ । चिडियाघरमा केही जनावरहरू पनि थिए । एउटा गोही पनि देख्यौँ र हामी खाजा खाएर घर फर्कियौं । निकै रमाइलो भयो भन्नुभयो अङ्कल आन्टीले पनि र दुई दिन बसेर घर जानुभयो ।

*कक्षा-३, नवोदय शिशु सदन मावि,*
*हेटौँडा-४*

# लघुकथा : शोकशक्ति



नन्दलाल आचार्य

खाकको थुप्रो वरपर टर्र्याकटुक्रुक बसेर झोक्रिरहेका थिए वनका सारा जन्तुहरु !

भालु- समस्याले पनि एकै पटक घेर्दो रहेछ जिन्दगीमा ।

हात्ती- मैले साँघुरो ठाउँमा नबसौँ भनेको कसैको कानमा बतास पसेन ।

घोडा- बाजा बजाएर दैव किन आउँथ्यो र ?

मयुर- हामी एक मनका भएर अलौकिक काम गरेको कसैलाई पचेन ?

गधा- त्यसैले त अपराधी पत्ता लगाउन अनुसन्धान थालौं ।

त्यति नै बेला अर्को जङ्गलबाट ब्वाँसो आइपुग्यो । उसले समाचार बुझ्न चाह्यो ।

स्याल अघि सरेर भन्न थाल्यो; "ब्वाँसो भाइ, यस जङ्गलका हामी सबैको शरीर अनेक छ तर भावना एक छ । यसलाई देखेर कसैले हामीलाई भाँड्न षड्यन्त्र गर्‍यो ।"

"त्यो ता बुझेँ । खाट्टी समस्या के हो कुन्नि ?" ब्वाँसोले सत्य नछिमली नछाड्ने सुर कस्यो ।

तीनतिर पहाड थियो । बिचको उर्वर भूमिमा सबै जन्तुले मुकाम बनाएका थिए । दिनदहाडै पहाडमा डढेलाको लप्को देखियो । सक्ने जतिले ज्यान हत्केलामा लिएर दगुरे । भुला बाँदर भने अशक्त र बालबच्चा ओसार्नमै व्यस्त थियो । सबैको ज्यान बचायो तर आफ्नै बचाउन सकेन ।

यस्तो यथार्थ इतिवृत्त बुझेर ब्वाँसाले भन्यो; "छिमेकीको शोक हाम्रै शोक हो । धन्दा नमान्नुस्, शोकलाई शक्तिमा बदल्ने उपायको प्याकेज चाँडै घोषणा हुनेछ ।"

*(स्रोत: साहित्य पोष्ट)*

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com

## चित्रकला






दिपासना थापा
कक्षा:- १०, जिएस निकेतन, हेटौँडा-५



आईतमाया तामाङ





सुयोग श्रेष्ठ
कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौँडा-४

# मुक्तक



✍कृष्णकुमार वैद्य

मुक्तक १.
बोल्नेको पिठो पनि बिक्छ यहाँ
सारा उसकै भाका सिक्छ यहाँ
सोभो मनले सितैमा दिंदा नि,
शङ्का गरेर हात फिक्छ यहाँ ।

मुक्तक २.
कमजोरीबाट सबले सचिनुपर्छ
देशभक्तिको इतिहास रचिनुपर्छ
समयमा चेतनशील भएन भने,
सधैंको यथास्थितिमा थचिनुपर्छ ।

मुक्तक ३.
किन भूटो बोल्छ फगतमा मान्छे
मर्नै पर्छ सबैजना जगतमा मान्छे
रातो नै हुन्छ रगत देहमा सबको,
भेद नराख्दा जाति रगतमा मान्छे ।

मुक्तक ४.
तँछाडमछाड गर्छन् सुँघ्न आलोपालो
भागबन्डामा पर्छ फेरी हिडको टालो
मागीखाने शासकले ऋण बोकाउँछ,
डुबाउन अघि सर्छ पुर्दैन भड्खालो ।

मुक्तक ५.
लाज पनि लजाउने काम भो हजुर
कुर्सी सबभन्दा ठूलो ठाम भो हजुर
नीति निर्माण गर्ने थलो भन्ये संसद,
सिंहदरबार छिर्नेको लाम भो हजुर ।

*बनेपा ९, काभ्रे*

# पुनरावृत्ति (लघुकथा)



✍ श्यामप्रसाद श्रेष्ठ

छोरा–बुहारी कोठा भित्र ठूलो आवाजमा कुरा गरिरहेको सुनेर ढोकामा कान थापें । छोराको बोली सुनें, "आमालाई अलग्गै राख्ने कुरा नगर ! म सानै हुँदा बुवा बित्नु भयो । आमाले आफ्नो यौवनावस्था विधुवीको घेराभित्र कैद गरी आमाले मलाई पाल्नु भो, हुर्काउनु भो !"

"ठिक छ, तिमी आफ्नो आमासँग अलग्गै बस्न सक्दैनौ भने यो बुढीको अनुहार हेरेर म घरमा बस्न सक्दिनँ, म आजै माइत जान्छु !" बुहारीले भनिन् ।

"तिमी त्यसो नभन ! ठिक छ, आमालाई भोलिदेखि बृद्धाश्रममा राखी दिन्छु ।" छोराको प्रतिवद्धता आयो ।

छोरा–बुहारीको निर्णय सुनेर उनी दौडिएर आफ्नै कोठा भित्र पसिन र आँसुको भेल बगाएर रोइरहिन् । अचानक उसलाई आफ्नो आँखाबाट आँसु होइन रगत बगिरहेको जस्तो लागेर ऐना हेरिन् ।

ऐनामा उनलाई आफ्नै प्रतिबिम्बले औंला उठाउँदै भन्दै थियो, "किन दुखी हुन्छस् ? तैंले हिजो जे रोपेकी थिइस्, आज त्यही नै फल्दैछ । हिजो तैंले पनि आफ्नो सासुलाई यसरी नै अलग राखेकी थिइस्, होइन र ?"

*हेटौंडा, मकवानपुर*

# हे नेपाली वीरहरू देश छोडी नजाक



✍सरोजप्रसाद साह

हे नेपाली वीरहरू, देश छोडी नजाक
रोइरहेका डाँफेको श्राप लाग्ला है



हे नेपाली वीरहरू परिवार छोडी नजाक
रोइरहेका आमाको पाप लाग्ला है
पाप लाग्ला है, श्राप लाग्ला है

यो माटोमा तिमीले, पाखुरा खियाउनु छ
अड्चनका सारा चट्टान फुटाउनु छ
यै माटोमा तिमीले, रगत चुहाउनु छ

राष्ट्रको सम्मान, फेरि उठाउनु छ
हे नेपाली वीरहरू, देशलाई बाँभो छोडी नजारू
रोइरहेका गुराँसको पाप लाग्ला है

तिमी भोलिको भविष्य हौ
तिमी गुराँसको लाली हौ
तिमी आँखा हौ, तिमी दृश्य हौ
तिमी देशको भविष्य हौ

हे नेपाली वीरहरू, देश छोडी नजारू
रोइरहेका नेपालीको पाप लाग्ला है
हे नेपाली वीरहरू, परिवार छोडी नजाक
रोइरहेका आमा–बाको श्राप लाग्ला है



# नेपाल हाम्रो देश



✍रूवस पराजुली

नेपाल हाम्रो देश पहिचान बोक्छौं
सम्मान गर्ने गर्छौं, माया गर्ने गर्छौं ।
पर्यटक आउँछन् रमाइलो मान्छन्
हेर्दै हेर्दै दृश्य आनो मनमा राख्छन् ।

यहाँ छन् धेरै पर्यटकीय स्थल
बिताउँछन् यहीं रमाइलो पल
जलस्रोतमा दोस्रो धनी हाम्रो देश
छन् अनेकथरी जात, तिनका भेषभुषा

जन्मिए बुद्ध यहीं संसारमा शान्ति भर्न
सकौं हामीले पनि स्वदेशमा केही गर्न .
चिनाउँ विश्वसामु नेपाल हाम्रो देश
स्वाभिमानमा कहिल्यै नलागोस् है ठेस ।

गौरव लाग्छ मलाई नेपाली हुन पाउँदा
शान्ति मिल्छ सँधै देशकै गीत गाउँदा ।
सुख दुख साथ दिने जन्मभूमि हाम्रो
संसारमै प्यारो देश नेपाल छ राम्रो ।

*कक्षा–६, जीएस निकेतन मावि*
*हेटौंडा–५*

## गाउँखाने कथा

१. माथितिर फर्किएर बस्ने सानी नानी, मीठो त्यति नभए नि दुनियाँले खाने ।
● सुपारी

२. जताततै डुलिहिँड्छ भरोसा चाँहि छैन, नभए नि उसको साथ काम चल्ने होइन ।
● रुपियाँ, पैसा

३. अघिल्तिर स्थान हुन्छ पछिल्तिर पात, प्रत्येक दिन प्रातकालमै घर घर डुल्ने जात ।
● पत्रपत्रिका

४. उज्यालोमा भन्दा पनि अँध्यारोमा राम्रो, बहुमूल्य सबै भन्छन् रत्न हो यो हाम्रो ।
● हिरा

५. गाउँदै गीत रातभरि मस्तसँग नाँच्छ, चुम्न पाए कसैलाई मस्तसँग बाँच्छ ।
● लामखुट्टे

# गजल



✍भूमिराज पौडेल

पाइदैन ग्यास, दाउरा बाल्न आउछ भने आउ
भत्किएको घर को भित्ता टाल्न आउछ भने आउ

पुग्दैन बसिबसि खान प्रीय, मेलापात गर्नैपर्छ
फुफु गरि चुलोमा आगो बाल्न आउछ भने आउ

सुखसयल गरि जिवन कटाइदिने औकात छैन मेरो
गाइ भैसि को गोबर फाल्न आउछ भने आउ

दुवै हात मा नङ पालि चम्चा ले खान छोडि
भिर पाखा मा खुट्टा चाल्न आउछ भने आउ

घुम्दै यस्तै हुने पालो आउछ भनि सम्भि
बुढा मेरा बाआमा लाइ सम्हाल्ने भए आउ

*मोदी गा.पा ५ बाजुङ पर्वत*


## श्री सरस्वती बालबोधिनी माध्यमिक विद्यालय
ईन्द्रसरोबर गाउँपालिका–१, मार्खु, मकवानपुर

### शिक्षक आवश्यकता

(प्रकाशित मिति २०८१/०१/१३ गते)

प्रस्तुत विषयमा इन्द्रसरोबर गाउँपालिका शिक्षा शाखा कुलेखानी मकवानपुरको च.नं. १५४८ मिति २०८१/०१/१० गतेको प्राप्त शिक्षक पदपूर्ति अनुमतिपत्र तथा विद्यालय व्यवस्थापन समितिको २०८१/०१/०९ गते बसेको बैठकको निर्णय अनुसार यस विद्यालयमा मा.वि. राहत अंग्रेजी र विज्ञान विषयको शिक्षक आवश्यक भएकोले तपशिलका योग्यता पुगेका ईच्छुक योग्य नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा रीतपूर्वकको दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी र म्याद नाघी पर्न आएको आवेदन उपर कुनै कारबाही हुने छैन ।

**तपशिल**
**विज्ञापन नं. : ०२/०८०/०८१**
विषय : अंग्रेजी (राहत दरबन्दी) र विज्ञापन (राहत दरबन्दी)
पद : मा.वि.राहत तृतीय श्रेणी (दुवै विषयको)
आवश्यक संख्या : प्रत्येक विषयमा १/१ (एक/एक) जना
न्यूनतम शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको
तलब भत्ता : नेपाल सरकारले तोके बमोजिम
उमेर : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको
आवेदन दस्तुर : रु. १,५००/– (एकहजार पाँचसय रुपैया मात्र)
दरखास्त दिने अन्तिम मिति : २०८१/०१/२७ गते सम्म
आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपी, शिक्षण अध्यापन अनुमतिपत्रको प्रतिलिपी १/१ (एक/एक) प्रति ।
सम्पर्क मिति : २०८१/०१/२८ गते
**नोट :** शिक्षण सेवा आयोगबाट आ.व. २०८०/८१ मा प्रकाशित माध्यमिक तह, बागमति प्रदेशको सम्बन्धित विषयको करार सूचीमा रहेका कुनै उम्मेद्वारहरुको आवेदन पेश हुन आएमा अरु उम्मेद्वारहरुको आवेदन दरखास्त दस्तुर सहित फिर्ता गरिनेछ ।
सम्पर्क : ९८५५०३०७६५ (वि.व्य.स. अध्यक्ष), ९८५५०८९२७३ (अध्यक्ष)


# साताको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशिः** शरीरमा थकान र उत्साहमा कमी आउने समय छ । दृढता र हौसला आवश्यक देखिन्छ । व्यवसायिकमा मध्यमकारक समय छ । अस्वस्थता रहेकाले समय निकालेर आराम गर्दा राम्रो हुन्छ । वैदेशिक प्रयोजनका काममा समय व्यतित होला । धार्मिक र सामाजिक कृत्यमा सरिक भइने छ । अध्ययन–अध्यापनका कामहरु मध्यमकारक रहलान् । सवारी साधनबाट बँच्दा राम्रो रहने समय छ ।

**वृष राशिः** शरीर स्वस्थ र बुद्धि निर्मल बन्ला । स्नेह र रोमाञ्चकता बढ्ने समय छ । नसोचेका काम सजिलै सम्पन्न हुनेछन् । व्यवसाय र पेशाका कामहरु सन्तोषजनक रहलान् । साभेदारी कामबाट लाभ प्राप्त होला । घरायसी काममा मन जाला । आनन्द र रमणीयतामा समय बित्ला । साहित्यिक क्रियाकलापमा मन जाला । रोकिएका धनहरु प्राप्त हुनेछन् । पढाई–लेखाई ठिकै रहने समय छ ।

**मिथुन राशिः** पुरुषार्थी कामले समाजमा स्थापित भइने छ । रोकिएका कामहरु पुनः सुचारु हुनेछन् । खेलकुद र प्रशासनिक काममा प्रतिस्पर्धी पछि पर्ने छन् । काममा बिलम्ब हुने समय थापें छ । प्रकृतिमा समय व्यतित हुँदा राम्रो होला । व्यापार–व्यवसाय ठिकै रहला । कामको बोझ बढ्ला । वैदेशिक काम र पढाई– लेखाईमा बोझ बढ्न सक्ला । चुनौति भेलेर अगाडि बढ्ने समय छ ।

**कर्कट राशिः** आकर्षण बढ्ला । आफ्ना भावना र बिचार माथि नियन्त्रण गर्दा राम्रो रहने छ । बुद्धिकौशलको उपयोग गरी चलाखीपूर्वक काम गर्दा अतिरिक्त रकम हात पर्ला । व्यापार–व्यवसाय मध्यमकारक रहने छ । प्रतिस्पर्धी कमजोर बन्लान् । मन कल्पना र भावनामा रमाउँला । विद्या प्राप्ति र पठन–पाठन अनि साहित्यिक क्षेत्रमा मन जाने समय छ ।

**सिंह राशिः** प्रतिद्वन्द्वी र राजनैतिक प्रतिपक्षले गोपनियता थाहा पाउनाले हानी पुग्न सक्छ । आफ्नो साभेदारीले हरेक समस्याको समाधान गर्न सकिने छ । व्यापार–व्यवसाय मध्यमकारक रहनेछ । घर जग्गा जमिन सम्बन्धी काममा मन जाला । आत्मिय मित्रको स्वास्थ्यमा हानी होला । घर–परिवारको सहयोग जुटाइएला । चियोचर्चो गर्न सक्ने सँग बँच्दा राम्रो । असमभदारीले काममा आघात होला ।

**कन्या राशिः** हैसियतमा वृद्धि होला । हाँके–ताकेका कामहरु पूर्ण हुनेछन् । व्यक्तिगत प्रतिष्ठा स्थापना गर्न राम्रो समय छ । चिताएका काममा सफल भइने छ । उद्देश्य र आकांक्षा पूर्ण हुनेछन् । माङ्गलिक काममा सरिक भइने छ । तिर्थ ब्रत तथा देवालयको भ्रमण होला । पराक्रम र साहसमा वृद्धि होला ।

**तुला राशिः** समय ठिकै छ । सामाजिक र धार्मिक कृत्यमा सरिक भइने समय छ । अध्ययन–अध्यापन र साहित्यिक कृत्यमा सरिक भइने समय योग छ । गुमेको धन फिर्ता ल्याउन प्रयास होला । आफन्त र हाकिम आदिको सहयोग बढ्ला । चिसोबाट बच्दा राम्रो हुन्छ । व्यवसायिक अवस्था ठिकै रहला । धन– मान र प्रतिष्ठामा वृद्धि होला । कुरा काट्नेको भने कमी हुने छैन ।

**वृश्चिक राशिः** चाहाना र सपनालाई जीवन्त तुल्याउँने समय छ । प्रगति र विकासका द्वारहरु बन्द हुने समय छ । प्रशासनिक कामकाजमा मन लाग्ने समय छ । आत्मबल र प्रेरणा प्राप्त होला । सहकर्मीसँग असमभदारी बढ्न सक्ला । विद्यार्थीका लागि आत्मबल बढ्ने छ । विगतका कमी कमजोरीसँग सजगता अपनाउँदा राम्रो रहला । धार्मिक कृत्यमा सरिक भइने समय छ ।

**धनु राशिः** आर्थिक पक्ष बाधक बन्ला । ठूला आशा र महत्वकांक्षा त्याग गर्दा राम्रो रहन्छ । संघर्ष र चुनौती भेल्ने समय छ । लेनदेनमा सतर्कता अपनाउँदा राम्रो रहन्छ । कठोर र क्रुर निर्णयले नोकरीमा आघात आइपर्ने समय छ । विश्वासको संकट आइपर्ला । पढाई–लेखाई र धार्मिक कृत्यमा सरिक सरिक भइने समय छ ।

**मकर राशिः** राजनैतिक र सामाजिक क्षेत्रमा सक्रियता बढ्ला । योजनाहरु कार्यान्वयन गर्ने समय छ । काममा सहजता बढ्ला । आफन्तको सहयोग प्राप्त रहने समय छ । क्षमता र प्रतिभाले काममा पूर्णता होला । खर्च बढ्ने समय छ । सहकर्मी मित्रले सहयोग प्रदान गर्लान् । व्यापार–व्यवसाय र पढाई–लेखाई ठिकै रहने समय छ ।

**कुम्भ राशिः** गरेका प्रयासमा शुभ परिणाम प्राप्त होला । रोजगारीको नयाँ अवसर प्राप्त होला । पुराना जाँगिरेले पनि लाभमूलक जिम्मेवारी ग्रहण गर्ने समय छ । सोच्दै नसोचेको कामबाट अप्रत्याशित लाभ प्राप्त होला । दायित्व र जिम्मेवारी थपिने समय छ । व्यापार–व्यवसाय र लेखाइमा मन जाने समय छ ।

**मीन राशिः** मान्यजन र वरिष्ठ व्यक्तिसँग निकटता बढ्ला । कर्मप्रति समर्पित भइने र प्रतिष्ठामा वृद्धि हुनेछ । दुः खी व्यक्तिको सहयोगमा मन जाने छ । नियमकानुनको पालना गर्दा राम्रो होला । अकर्मण्य र लक्ष्यहीन नबन्दा राम्रो । धार्मिक यात्रामा सरिक भइने छ । चुनौती भित्र छिरेर काम गर्दा राम्रो रहन्छ । पढाई– लेखाई र सामाजिक अनि साँस्कृतिक कृत्यमा सरिक भइने छ ।




# हेटौंडा फुटबल एकेडेमीलाई अष्ट्रेलियाबाट सहयोग




*हेटौंडा फुटबल एकेडीलाई जर्सी सहयोग गरेपछि सामुहिल तस्वीर खिचाउदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा फुटबल एकेडेमीलाई अष्ट्रेलियाको सगरमाथा एफसीले जर्सी सहयोग गरेको छ। हेटौंडा-४ स्थित हुप्रचौर घर भई हाल अष्ट्रेलिया बसोबास गर्ने निराजन श्रेष्ठले २५ थान जर्सी सहयोग गर्नुभएको हो ।

फुटबल पूर्वखेलाडी तथा अष्ट्रेलियाको सगरमाथा एफसीका सदस्य श्रेष्ठले फुटबल एकेडेमीका प्रशिक्षक भीम लामालाई २५ थान जर्सी हस्तान्तरण गर्नुभएको हो । अष्ट्रेलियाबाट हेटौंडा आएको समयमा शुक्रबार फुटबल एकेडेमीका प्रशिक्षार्थीहरुको उपस्थितिमा करिब १५ हजार रुपैयाँ बराबरको जर्सी सहयोग गर्नुभएको जनाइएको छ ।

विगत ९ वर्षदेखि फुटबल खेल विकासका लागि सक्रिय भूमिका निर्वाह गर्दै आउनु भएका प्रशिक्षक लामाको बाल्यकालदेखिको मित्रसमेत रहनुभएका श्रेष्ठले एकेडेमीलाई सहयोग गर्नुभएको हो । फुटबल एकेडेमीलाई सहयोग गर्दै आउनुभएका श्रेष्ठले यसअघि ५० हजार रुपैयाँ सहयोग गर्नुभएको थियो ।

फुटबल एकेडेमीमा नियमित ९० जना खेलाडीहरु प्रशिक्षणका लागि आउने गरेका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) यु-१७ का पूर्वखेलाडी समेत रहनुभएका लामाले फुटबल प्रशिक्षकमा एएफसी लाइसेन्स प्राप्त गर्नुभएको छ । एकेडेमीमा हाल जुनियर र सिनियर गरी ९० जना खेलाडीहरु फुटबल प्रशिक्षणका लागि आउने गरेका छन् ।

बिहान ६ बजेदेखि ८ बजेसम्म जुनियर खेलाडी र ८ बजेदेखि १० बजेसम्म सिनियर खेलाडीहरुलाई प्रशिक्षक लामाले प्रशिक्षण दिने गर्नुभएको छ। हेटौंडा फुटबल एकेडेमीमा भर्ना हुनका लागि ५ हजार रुपैयाँ दर्ता शुल्क र एक वर्षसम्म मासिक शुल्क १ हजार रुपैयाँ लाग्ने उहाँले बताउनुभयो । प्रशिक्षक लामाले ग्रासरुटदेखि नै खेलाडीहरु उत्पादन गर्दै आउनुभएको छ ।

खेलाडीहरुले कुनै पनि प्रतियोगितामा भाग लिनुपरेको अवस्थामा ट्याक्टिस ड्रिलगेम ट्रेनिङ र प्रतियोगिता नहुने खण्डमा आभारभूत ट्रेनिङ, डिफेन्डिङ, डिफेन्सिङ, आक्रमण ट्रेनिङ दिने गरेको लामाले बताउनुभयो । आफ्ना खेलाडीहरुले कुनै पनि फुटबल प्रतियोगिता खेलेपछि खेलाडीहरुबाट प्रतियोगितामा भएको गल्ती र समस्याहरुलाई बुझेर प्रशिक्षण दिने उहाँको भनाइ छ । मकवानपुर जिल्लामा फुटबल खेलाडी बन्न इच्छुकका लागि सक्रिय भूमिका निर्वाहमा कुनै प्रकारको दुविधा हुने काम नगरेको उहाँले दावी गर्नुभएको छ ।

# चैत महिनामा २ सय ८४ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः चैत महिनामा दुई सय ८४ जनाले रक्तदान गरेका छन्। चैत महिनामा दुई सय ८४ जनाले विभिन्न संघसंस्थाले गरेको रक्तदान कार्यक्रममा सहभागी भएका तथा रक्तसञ्चार केन्द्रमा नै गएर रक्तदान गरेका हुन् ।

चैत महिनामा ६३ जना महिला र २ सय २१ जना पुरुषले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो । हेटौंडा-१ स्थित रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम गर्दै आएका छन् । चैत महिनामा ८ वटा संस्थाले रक्तदान कार्यक्रम आयोजना गरेका थिए ।

चैत महिनाको २ गते निजगढस्थित श्रीकृष्ण प्रणामी सेवा समितिको आयोजनामा ६३ जनाले रक्तदान गरेका थिए । यस्तै, ९ गते मकवानपुरगढी-३ स्थित जागरण बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा २२ जनाले रक्तदान गरेका थिए। चैत १० गते हेटौंडा-१६ स्थित निलगिरी बाल समूहको आयोजनामा भएको कार्यक्रममा ४१ जनाले रक्तदान गरेका थिए ।

यस्तै, चैत १४ गते राउण्ड टेबल नेपाल हेटौंडाको आयोजनामा १९ जनाले रक्तदान गरेका थिए भने १५ गते मकवानपुर संयुक्त इसाई समुदाय हेटौंडाको आयोजनामा भएको रक्तदान कार्यक्रममा २० जनाले रक्तदान गरेका थिए। १६ गते हेटौंडा- १८ स्थित संयुक्त इसाई समूहबाट ३७ जनाले रक्तदान गरेका थिए । यस्तै, चैत १८ गते इन्द्रसरोवर इसाई समाज मकवानपुरको आयोजनामा भएको कार्यक्रममा ३८ जनाले रक्तदान गरेका र २२ गते जनचेतना बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा भएको कार्यक्रममा १३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक सापकोटाले जानकारी दिनुभयो ।

चैत महिनामा ३० जनाले केन्द्रमै आएर रक्तदान गरेको प्राविधिक सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्रले संकलन गरेका रगत धेरैजसो हेटौंडा अस्पतालमा वितरण हुने गरेका छ । रक्तसञ्चार केन्द्रमा दैनिक ३-४ जना ब्लडग्रुप जाँच गर्न आउने गरेको उहाँले बताउनुभयो । आज शनिबार पशुपति मन्दिर र बुद्धचोक गरी दुई ठाउँमा रक्तदान कार्यक्रम हुने उहाँले बताउनुभयो ।

## औषधी व्यवसायीको प्रदेश अधिवेशन सुरु

# ९ जना सर्वसम्मत, अध्यक्षमा श्रेष्ठ र पाण्डे भिड्दै

समाज संवाददाता

हेटौंडाः औषधी व्यवसायी संघ बागमती प्रदेश समितिको दोस्रो अधिवेशन शुक्रबार हेटौंडामा सुरु भएको छ । प्रदेश समितिका अध्यक्ष ध्रुव नारायण श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशको स्वस्थ्य मन्त्री रामेश्वर श्रेष्ठको प्रमुख आतिथ्यमा अधिवेशनको उद्घाटन समारोह भएको हो । उद्घाटन समारोहमा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको पनि आतिथ्य रहेको थियो ।

शुक्रबार साँझ उद्घाटन कार्यक्रम सकिएको छ भने नयाँ नेतृत्व चयनका लागि आज शनिबार मतदान हुँदैछ। बैशाख ६ गते नै निर्वाचनको प्रक्रिया अगाडि बढिसकेको र १७ सदस्यीय प्रदेश समितिमा ९ जना सर्वसम्मत भइसकेको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा चितवनका शिवप्रसाद पण्डित, कोषाध्यक्षमा काठमाडौंका राजेशभक्त श्रेष्ठ, सचिवमा मकवानपुरका विनोद कुमार लामिछाने, उप-कोषाध्यक्षमा धादिङका राजु अधिकारी सर्वसम्मत चयन हुँदा थोक आयाततर्फ सदस्यमा मकवानपुरका संघर्ष गुरुङ, चितवनका कपिल सुवेदी, खुद्रतर्फ मकवानपुरका सुधीर दाहाल, चितवनका धविन्द्र वन र दोलखा-रामेछाप शाखाकी पार्वती श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको छ ।

३ वर्षे कार्यकालका लागि वर्तमान अध्यक्ष ध्रुवनारायण श्रेष्ठ र काठमाडौंका कृष्णप्रसाद पाण्डेको उम्मेदवारी परेको छ । थोक/आयात उपाध्यक्षमा काठमाडौंका बद्रिप्रसद श्रेष्ठ र काठमाडौंकै अशोक मल्लको उम्मेदवारी परेको छ । यस्तै खुद्रा उपाध्यक्षतर्फ काठमाडौंका नवराज खनाल, मकवानपुरका बुद्धराम श्रेष्ठको उम्मेद्वारी रहेको छ भने महासचिवमा ललितपुरका राजु श्रेष्ठ र काठमाडौंका कुमार कसीको उम्मेदवारी परेको छ। यस्तै ४ जना खुला सदस्यमा नुवाकोटका रवि दास श्रेष्ठ, ललितपुरका जीवन महर्जन, भक्तपुरका अनिलमान श्रेष्ठ, काठमाडौंका पञ्चकुमार श्रेष्ठ र काठमाडौंकै विनोद चौधरी सदस्यमा उम्मेदवार बनेका छन् ।

प्रदेश समितिको अधिवेशनमा १ सय ३४ जना व्यवसायी मतदाता छन् भने पर्यवेक्षकसहित एक सय ६० जनाको सहभागिता रहने बताइएको छ। बागमती प्रदेशका १३ जिल्लामध्ये मकवानपुरसहित १० जिल्लामा शाखा सञ्चालनमा रहेको छ। बागमती प्रदेशको सिन्धुली, सिन्धुपाल्चोक र रसुवा जिल्लामा औषधी व्यवसायी संघ गठन हुन सकेको छैन । प्रदेश अध्यक्ष श्रेष्ठले मूल्यमा एकरुपता कायम गर्दै गुणस्तरीय औषधी वितरणमा संघको महत्वपूर्ण भूकि रहेको बताउनुभयो । सरकार पुग्न नसकेको स्थानमा निजी क्षेत्रका व्यवसायीले स्वास्थ्य सेवा र औषधि सेवा प्रदान गरिरहेको श्रेष्ठको भनाइ छ। औषधी व्यवसायीको नियामक निकाय औषधी व्यवस्था विभाग भए पनि जुनसुकै सरकारी निकायको अनुगमनले व्यवसायीलाई तनाव भइरहेको उहाँले गुनासो गर्नुभयो । साधारणसभाको अवसरमा स्मारिका समेत प्रकाशन गरिएको छ ।

# उत्कृष्ट विद्यार्थी, शिक्षक र अभिभावक सम्मानित



*हेटौंडा उपमहानगरपालिका वडा ४ ले आयोजन गरेको अभिभावक विद्यार्थीलाई सम्मान गर्दै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले उत्कृष्ट विद्यार्थी, शिक्षक एवम् अभिभावकलाई सम्मान गरेको छ। वडाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयबाट आधारभूत तह (कक्षा-८) को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी र शिक्षकलाई नगद पुरस्कारसहित सम्मान गरिएको हो ।

शुक्रबार शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ को व्यवस्थापनमा भएको विद्यार्थी, शिक्षक र अभिभावक सम्मान कार्यक्रममा हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाभित्रका सामुदायिक र संस्थागत विद्यालयबाट कक्षा ८ को परीक्षामा ४.०० जीपीए ल्याउन सफल विद्यार्थीलाई नगद ५ हजार रुपैयाँ र सम्मानपत्र प्रदान गरिएको छ । ४.०० जीपीए ल्याउने भूटनदेवी माध्यमिक विद्यालयका अमनकुमार साह बानिया र शुभम्प्रसाद जैसवाललाई सम्मान गरिएको छ । ४.०० जीपीए ल्याएर सम्मानित हुनेमा नवोदय शिशु सदनका लिजा विष्ट र प्रजन्य कुशवाह छन् । यस्तै, ब्रह्मदिक एकेडेमीका प्रियान्सु पोखरेल, कृष्मा लौंडारी, आभाष घिमिरे श्रीया घोष र सुबोधकुमार आचार्यलाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरिएको छ ।

आधारभूत तह उत्तीर्ण परीक्षामा विषगतरुपमा सर्वोत्कृष्ट अंक ल्याउन सफल भएका विद्यार्थी र उनीहरुलाई अध्यापन गराउने शिक्षकलाई पनि नगद पुरस्कारसहित सम्मान गरिएको छ । नेपाली विषयमा सर्वोत्कृष्ट अंक ल्याउने आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका छात्रा ममताकुमारी चौहान र नेपाली विषय शिक्षक बिना बिडारी सम्मानित हुनुभएको छ । अंग्रेजी विषयमा सर्वोत्कृष्ट अंक ल्याउने ब्रह्मदिकका दिव्यान्स शाही र कृष्मा लौंडारी, नवोदय शिशु सदनका लिजा विष्ट एवम् भूटनदेवी माविका सुनैना घिमिरे, विश्वास राई र सन्देशकुमार यादव सम्मानित भएका छन् । यसैगरी अंग्रेजी विषय शिक्षकहरु ब्रह्मदिक एकेडेमीका मीना घले, नवोदय शिशु सदनका सुस्मया लामा र भूटनदेवी माविका मुकेशकुमार मिश्रलाई पनि नगदसहित सम्मान गरिएको छ ।

यस्तै, सामाजिक विषयमा सर्वोत्कृष्ट अंक ल्याउन सफल भएका ब्रह्मदिकका विद्यार्थी आभाष घिमिरे र दिव्यान्स शाहीलाई सम्मान गरिएको छ। विज्ञान तथा प्रविधि विषयमा सर्वोत्कृष्ट अंक ल्याउने ब्रह्मदिककै कृष्मा लौंडारीलाई नगदसहित सम्मान गरिएको छ । स्वास्थ्य तथा शारीरिक विषयमा ब्रह्मदिकका विद्यार्थीहरु आभाष घिमिरे, कृष्मा लौंडारी, दिव्यान्स शाही, श्रीया घोष र विगित थापा मगर सम्मानित भएका छन्।

शैक्षिक गुणस्तर सुधार समितिका अध्यक्ष श्रीराम दहालको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले कुनै पनि राजनीतिक दलबाट निर्वाचित व्यक्तिले जनताको पक्षबाट काम गर्नुपर्ने बताउनुभएको छ। ४ नम्बर वडाले शिक्षा क्षेत्रमा उल्लेख्य काम गरेको भन्दै नगर प्रमुख लामाले पछिल्लो समय लागूऔषध दुर्व्यसनी बढेकोमा चिन्ता व्यक्त गर्नुभयो। सरकारले कानुनी ढंगबाट लागूऔषध दुर्व्यसनविरुद्ध काम गरे पनि पछिल्लो समय हेटौंडामा लागूऔषधको दुर्व्यसनी बढिहरेको उहाँले बताउनुभयो। लागूऔषध दुर्व्यसनको समस्या न्यूनीकरण गर्ने काममा सबै लाग्नुपर्ने उहाँको भनाइ छ ।

४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले आफ्नो वडाले शिक्षा क्षेत्रमा विभिन्न रचनात्मक काम गरेर शैक्षिक आन्दोलन सुरु गरेको बताउनुभयो। उहाँले वडाले शिक्षा क्षेत्रमा पर्याप्त बजेट खर्च गर्दै आएको भन्दै संस्थागत र सामुदायिक दुबै विद्यालयको शैक्षिक स्तर सुधारमा केन्द्रित भएको बताउनुभयो । वडाले विद्यार्थी, शिक्षक र अभिभावक सबै पक्षको सबलीकरणबाट शैक्षिक गुणस्तर वृद्धि गर्दै वडालाई देशकै शैक्षिक केन्द्र बनाउने दावी गर्नुभयो ।

कार्यक्रममा वडा-१० का अध्यक्ष फुर्वा दोर्जे लामा, वडा-११ का अध्यक्ष जुना दहाल, हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशी, हेटौंडा क्याम्पसका क्याम्पस प्रमुख देवीराम लामा, आधुनिक राष्ट्रिय माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष मोहम्मद समीम, ४ नम्बर वडा सदस्य जेन श्रेष्ठ, टोल विकास संस्था नगर समन्वय समितिका महासचिव शिवहरि दाहालगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा १४ नम्बर वडा अध्यक्ष दीपक खड्का, हेटौंडा उपमहानगर पालिका कार्यपालिका सदस्य इश्वरी र साइली, शिक्षा विकासा महाशाखाका अधिकृत हरिश्चन्द्र सापकोटालगायतको आतिथ्य थियो ।

# सिद्धार्थ शिशु सदनमा आँखा शिविर

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, सानोपोखरास्थित सिद्धार्थ शिशु सदन माविमा आँखा शिविर भएको छ । शुक्रबार विद्यालयको आयोजना तथा तिलगंगा आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर भएको हो ।

शिविरमा ३ सय ३ जनाको आँखा परीक्षण गरिएकोमा २७ जना विद्यार्थीमा समस्या देखिएको विद्यालयका शिक्षक सुन्दर लुइटेलले जानकारी दिनुभयो । विद्यालयले पहिलो चरणमा शुक्रबार नर्सरीदेखि कक्षा ३ सम्मका विद्यार्थीहरुको आँखा परीक्षण गरिएको हो । दोस्रो चरणमा आगामी शुक्रबार बाँकी विद्यार्थीको आँखा परीक्षण गर्ने जनाएको छ ।

कोरानाको समयपछि बढी विद्युतीय सामग्री प्रयोग गर्दा बालबालिकामा आँखा र टाउको दुख्ने समस्याहरु बढी देखा परेकोले शिविर आयोजना गरेको विद्यालयले जनाएको छ । शिविरमा तिलगंगा आँखा अस्पतालका सुशीलकुमार सिंह, विद्यालयका प्रधानाध्यापक निर्मल पराजुली र सहायक प्रधानाध्यापक केदार न्यौपानेलगायतको उपस्थिति रहेको थियो ।

# पाहुना आएका श्रेष्ठको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, ओमभवनमा सुतेको ठाउँमा अचेत फेला परेका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा केदार शाहीको घरमा पाहुना आएका ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका-८ का ५१ वर्षीय रमेश श्रेष्ठ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

श्रेष्ठ बिहीबार बिहान ७ बजेर ३० मिननेटको समयमा नउठेकाले हेर्दा सुतेको कोठामा अचेत अवस्था फेला परेका थिए । श्रेष्ठलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएकोमा उपचारको क्रममा बिहीबार बिहान ७ बजेर ५४ मिननेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको द्वोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ